# यूहन्नाको दोस्रो पत्र

अग्रजबाट अभिवादन

परमेश्वरद्वारा चुनिएकी स्त्री अनि तिनका बालकहरू
प्रति: म तिमीहरू, सत्यमा रहेका सबैलाई प्रेम गर्छु। ती
सबै, जसले तिमीहरूलाई प्रेम गर्ने सत्यतालाई जान्दछन्
तिमीहरूलाई पनि। २यही प्रेमको कारणले जो हामीमा
छ, हामी तिमीहरूलाई प्रेम गर्छौं। त्यो सत्य हामीमा
सदा रहनेछ।

३अनुग्रह, कृपा अनि शान्ति, पिता परमेश्वर अनि
उनका पुत्र येशू ख्रीष्टको मार्फत हामीसँग हुनेछ। हामी
सत्य अनि प्रेमबाट यी आशीर्वाद प्राप्त गर्छौं।

४तिम्रो कोही बालकहरू जो तिनीहरू पिताले हामीलाई
दिएको आज्ञा अनुसार सत्यको मार्ग अनुसरण गरिरहेछन्
भन्ने जान्न पाउँदा म खुशी भएँ। ५अनि, अब प्रिय
महिला, म तिमीलाई भन्छु: हामी सबैले एक-अर्कालाई
प्रेम गर्नुपर्छ। यो नयाँ आज्ञा होइन। यो त्यही आज्ञा हो
जो हामीसित शुरू देखि नै थियो। ६अनि प्रेम गर्नुको
अर्थ उनले हामीलाई दिएको आज्ञा अनुसार रहनु हो।
अनि परमेश्वरको आज्ञा यो हो: तिमीहरूले प्रेमको
अनुसरण गर्नुपर्छ। तिमीले यो आज्ञा शुरूदेखि नै सुन्दै
आएकी छौ।

७यो संसारमा अनेकौं झूटो शिक्षकहरू छन्। यी
झूटो शिक्षकहरूले येशू ख्रीष्ट पृथ्वीमा मानवको
रूपमा आउनु भएको अस्वीकार गर्छन्। मानिस जो यो
कुरा अस्वीकार गर्छ ऊ झूटो शिक्षक अनि ख्रीष्ट
विरोधी हो। ८होशियारी होऊ ताकि पुरस्कार जुन हाम्रो
परिश्रमबाट प्राप्त भएको छ त्यो गुमाउने छैनौ, तर
तिमीले तिम्रो जम्मै पुरस्कार प्राप्त गर।

९एउटा व्यक्तिले ख्रीष्टको शिक्षा मात्र अनुसरण
गर्नुपर्छ। यदि व्यक्तिले ख्रीष्टको शिक्षा परिवर्त्तन गर्छ
भने त्यस व्यक्तिसँग परमेश्वर हुनुहुन्न। तर यदि त्यस
व्यक्तिले ख्रीष्टको शिक्षा अनुसरण गरिरहन्छ भने उसकोमा
पिता अनि पुत्र दुवै हुन्छन्। १०यदि कुनै मानिस यो
शिक्षा बिना तिम्रोमा आँउछ भने तिम्रो घरमा उसलाई
नलैजाऊ अथवा त्यसलाई स्वागत नगर। ११यदि तिमीले
उसलाई स्वागत गर्‍यौ भने तिमीले उसको कुकार्यमा
सहयोग पुर्‍याइरहेको हुनेछौ। १२मैले तिमीलाई भन्ने
कुरा धेरै छ। तर कागज अनि मसीको उपयोगमा म
यो गर्न चाहँदिन। बरू म तिमीलाई भेट्न आउने आशा
गर्छु अनि आमने-सामने बात गर्छु। त्यसले हामीलाई
अति आनन्दित तुल्याउँछ। १३तिम्रो बहिनीका
बालकहरूले, जसलाई परमेश्वरले चुन्नु भएको छ,
तिमीलाई अभिवादन पठाउँछन्।